नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

पत्र संख्याः २०८२/८३
चलानी नं.:

## आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम सञ्चालनका लागि प्रस्ताव आव्हान सम्बन्धी सूचना

### सूचना नं. ०७/२०८२/८३

**तेस्रो पटक प्रकाशित मितिः २०८२।०७।१८**

राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु (साविकको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कपिलवस्तु) को चालु आ.व. २०८२/०८३ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार धान सुपरजोन, माछा जोन र तरकारी जोनको कार्यक्षेत्रमा तपसिलका कार्यक्रमहरु सञ्चालन गर्न यस एकाइ अन्तर्गत सुचिकृत भएका कृषक समूह/कृषि सहकारी संस्था/निजी फर्म/कम्पनी/वन/जल उपभोक्ता समितिहरुले एकाइले माग गरेको तपसिल अनुसारका कागजात सहित ७ (सात) दिन अर्थात मिति २०८२/०७/२४ गते भित्र आवेदन पेश गरी दर्ता गर्नुहुन सम्बन्धित सबैमा यो जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। साथै कार्यक्रम सञ्चालन हुने कार्यक्षेत्र, प्रस्तावको ढाँचामा एवं त्यसका लागि न्यूनतम मापदण्ड, अनुदानको सिमा तथा सर्तहरु लगायतका अन्य आवश्यक थप जानकारी कार्यक्रम कार्यान्वयन म्यानुअल-२०७७, पहिलो संशोधन २०८१ (साविकको परियोजना कार्यान्वयन म्यानुअल-२०७७) वा कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तुको वेबसाइट वा कार्यालयमा प्राविधिकहरुसँग प्रत्यक्ष सम्पर्क गरी प्राप्त गर्न सकिनेछ।

तपसिलः

| क्र. सं. | कार्यक्रम बिवरण | इकाई | लक्ष्य | स्वीकृत बजेट रु. लाखमा | कैफियत |
|---|---|---|---|---|---|
| कपिलवस्तु जिल्लाभर सञ्चालन गर्न सकिने कार्यक्रमहरु | | | | | |
| १ | चक्लाबन्दीमा आधारित खेती मार्फत उत्पादन वृद्धिका लागि सहयोग (Land consolidation/ Crop consolidation/यन्त्र मैत्री गह्रा सुधार) | संख्या | ३ | ३० | व्यवसायिक उत्पादन क्षेत्र हुनुपर्ने (कार्यक्रम कार्यान्वयन म्यानुअलमा उल्लेखित अनुदान सीमा रहने) |
| २ | बसन्ते मकैको क्षेत्रफल बिस्तार | हेक्टर | २० | ३.६ | उत्पादन सामाग्रीमा बढीमा ५०% अनुदान |
| ३ | चैते धानको क्षेत्रफल विस्तार | हेक्टर | २५ | ४ | उत्पादन सामाग्रीमा बढीमा ५०% अनुदान |
| ४ | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार (चैते धान प्रवर्द्धन कार्यक्रम) | संख्या | ७ | १४ | चैते धानको उत्पादन क्षेत्रमा सिंचाई पुर्वाधार निर्माणमा बढीमा ८५% वा २ लाख अनुदान |
| ५ | माटो सुधारका लागि कृषि चुन/जिप्सम/सुक्ष्मतत्व आदि सहयोग कार्यक्रम | पटक | २ | १.८ | माटो परीक्षण पश्चात आवश्यक माटो सुधारको लागि बढीमा ५०% अनुदान |
| ६ | Cold Chamber सहितको संकलन केन्द्र निर्माण अनुदान | संख्या | १ | १५ | व्यवसायिक उत्पादन क्षेत्र हुनुपर्ने (कार्यक्रम कार्यान्वयन म्यानुअलमा उल्लेखित अनुदान सीमा रहने) |
| तरकारी जोन, कपिलवस्तुको कार्यक्षेत्रको लागि मात्र | | | | | |
| १ | स्थायी प्लाष्टिक घर निर्माण | संख्या | १० | ६ | व्यवसायिक तरकारी उत्पादन क्षेत्रमा बढीमा ५०% अनुदान |
| २ | व्यावसायिक प्याज प्रबर्द्धन कार्यक्रम | पटक | १ | ४.०५ | बीउ लगायतका उत्पादन सामग्रीहरूमा बढीमा ५०% अनुदान |
| धान सुपरजोन, कपिलवस्तुको कार्यक्षेत्रको लागि मात्र | | | | | |
| १ | मसिना वासनादार तथा रैथाने जातका धान खेती बिस्तार सहयोग कार्यक्रम | हेक्टर | ५० | १.५ | बढीमा ५०% अनुदान सहयोग |

राकेश कुमार ओझा
वरिष्ठ कृषि अधिकृत

<u>आवेदन साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु</u>

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
कार्यक्रम कार्यान्वयन एकाइ, कपिलवस्तु

फोन नं. :- ०७६-५५०३४७
इमेल :-pmamp.piu.kapilvastu@gmail.com
वेबसाइट :- www.kapilvastu.pmamp.gov.np

पत्र संख्याः २०८२/८३
चलानी नं.:

१. रु. १० को हुलाक टिकट टाँसेको परियोजनाले निर्धारित गरेको अनुसुचि-१० फर्मेट भरि अनुमानित लागत ईष्टिमेट प्रष्ट खुलाई पेश गर्ने (अनुसुचि-१० फर्मेट परियोजनाको वेबसाईट www.kapilvastu.pmamp.gov.np बाट download गर्न सकिनेछ)।
२. प्रस्तावकको नेपाली नागरिकताको प्रतिलिपि।
३. जग्गा/जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि (जग्गाको न्यूनतम मापदण्ड पुरा हुनुपर्नेछ, जस्तैः धान सुपरजोन/तरकारी जोन तर्फ कार्यक्रम प्रस्तावकले कम्तीमा १० कठ्ठा क्षेत्रफलमा सम्बन्धित बालीको खेती व्यवस्थापन गर्ने गरेको र माछा जोन तर्फ कम्तीमा ६ कठ्ठा जलाशय क्षेत्रफल पुग्ने गरी मत्स्य पालन व्यवसाय सञ्चालन गरेको हुनु पर्नेछ)।
४. कृषक समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कम्पनी/कृषि उद्यमी (फर्म) दर्ता प्रमाण पत्रको प्रतिलिपि।
५. स्थायी लेखा नम्बर दर्ता (PAN) प्रमाण पत्रको प्रतिलिपी।
६. आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी। (कार्यक्रम छनौट हुनुभन्दा पूर्व आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र पेश नगरेमा आवेदन छनौटको प्राथमिकतामा नपर्ने)
७. कृषक समुह/कृषि सहकारी संस्था/वन/जल उपभोक्ता समिति/कम्पनी/कृषि उद्यमी (फर्म) को कार्यक्रम माग गरेको निर्णय प्रतिलिपि।
८. निर्माण/कार्यक्रम (प्रशोधन केन्द्र, ह्याचरी, कोल्ड चेम्बर तथा संकलन केन्द्र, कस्टम हायरिङ्ग सेन्टर, पोष्ट हार्भेष्ट सेन्टर) सञ्चालन गरिने स्थान समूह/सहकारी/कम्पनी/फर्मको नाममा रहेको जग्गा/जमिनको जग्गाधनी प्रमाण-पूर्जाको प्रतिलिपि।
९. गत आ.व.हरूमा क्षेत्र विस्तार कार्यक्रम प्राप्त गरेका समूह/सहकारी/फर्मले थप क्षेत्र विस्तारका लागि मात्र निवेदन दिन पाउने।
१०. करारमा जग्गा लिएको भए कम्तिमा ५ बर्षको करार सम्झौताको प्रतिलिप। पूर्वाधार निर्माणको हकमा कम्तिमा १० बर्षको करार सम्झौता।
११. फर्म/उद्यमी/कम्पनीको हकमा गत आ.व.हरुमा सोही प्रकृतिको कार्यक्रमहरुमा अनुदानमा प्राप्त गरेको भए पुनः निवेदन दिन नपाउने वा निवेदन दिएपनि छनौट प्राथमिकतामा नपर्ने।
१२. प्रस्तावकले समान प्रकृतिको कार्यक्रमका लागि अन्य कुनै सरकारी, गैरसरकारी संघ संस्थाबाट अनुदान सहयोग प्राप्त गरेको भए स्पष्ट रूपमा कार्यक्रम कार्यान्वयन एकाइलाई जानकारी गराउनु पर्नेछ। अन्य निकायहरुबाट सोही प्रकृतिको कार्यक्रमहरुबाट लाभान्वित नभएको र दोहोरो नपर्ने व्यहोरा सहितको प्रतिबद्धता पेश गर्नु पर्नेछ।
१३. कार्यालयले माग गर्ने अन्य आवश्यक कागजात सहित सम्पूर्ण कागजातहरू उल्लेखित क्रम अनुसार फाईलिङ गरि सम्पर्क नम्बर उल्लेख गरी पेश गर्नु पर्नेछ।

**पुनश्चः आवेदन पेश गर्ने अन्तिम दिनमा सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिनसम्म आवेदन पेश गर्न सकिनेछ। रीतपुर्वक आवेदन र आवश्यक कागजातहरु पेश हुन नआएमा कार्यक्रम कार्यान्वयन एकाइ आवेदन दर्ता गर्न बाध्य हुने छैन।**

**थप जानकारीको लागि कार्यालयको Website: kapilvastu.pmamp.gov.np फोन नं. ०७६५५०३४७, ९८५७०५२३४७, ९८५७०५४३४७, ९८४७१३३१९६, ९८०८३६०९६२, ९८६०४९९४९४ मा सम्पर्क राख्नु हुन अनुरोध छ।**

राकेश कुमार ओझा
वरिष्ठ कृषि अधिकृत

*"आत्मनिर्भर अर्थतन्त्रका लागि कृषिको आधुनिकीकरण, बिशिष्टिकरण र औद्योगिकीकरण"*